श्री महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षिय रणनितिक योजना अन्तर्गत जिल्ला सरकारी वकील कार्यालय, बागलुङको आ.व. २०७८।०७९ को वार्षिक योजनाको क्रियाकलाप ५.१.१.४ अन्तर्गत कसूरको अनुसन्धानको सम्बन्धमा अनुसन्धान अधिकारीहरू र सरकारी वकीलवीच आज मितिः २०७८।०८।२८ गतेका दिन तपसिलमा उल्लेखित उपस्थितिमा निम्न बमोजिमका निर्णय गरियो ।

**उपस्थिती:-**

१. जिल्ला न्यायाधिवक्ता श्री लालप्रसाद लामिछाने, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।

२. प्रहरी उपरीक्षक श्री कृष्णबहादुर पल्ली मगर, श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ ।

३. सहायक जिल्ला न्यायाधिवक्ता श्री जीवनाथ सुवेदी, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।

४. प्रशासकीय अधिकृत श्री सुर्य विश्वकर्मा, श्री जिल्ला प्रशासन कार्यालय, बागलुङ ।

५. प्रहरी निरीक्षक श्री विजय भण्डारी, श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ ।

६. नायव सुब्बा श्री रामप्रसाद उपाध्याय, श्री जिल्ला प्रशासन कार्यालय, बागलुङ ।

७. नायव सुब्बा श्री अर्जुन शर्मा, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।

८. नायव सुव्वा श्री सोमबहादुर रामजाली मगर, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।

९. सहायक कम्प्युटर अपरेटर श्री गणेश शर्मा, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।

१०. प्रहरी जवान श्री रचना थापा, श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ ।

**निर्णयहरू:-**

१. मितिः २०७८।०७।११ गते गरिएका निर्णयहरूको कार्यान्वयनको अवस्था तथा उक्त मितिदेखी हालसम्म श्री जिल्ला प्रहरी कार्यालय, बागलुङमा दर्ता भएका तथा श्री बागलुङ जिल्ला अदालतमा दायर भएका मुद्दाहरूको बारेमा छलफल तथा समिक्षा गरी थप सुधार गर्दै लैजाने निर्णय गरियो ।

२. मितिः २०७८।०८।१५ गते जारी भएका अध्यादेशहरूको जानकारी गराई सो विषयमा छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. मुद्दाको अनुसन्धानको क्रममा पेश भएका परिक्षण प्रतिवेदनहरू यथाशिघ्र उपलब्ध गराउने सम्बन्धमा सहमती भयो ।